प्रदेश सरकार

सामाजिक बिकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

प्रदेश नं २, जनकपुरधाम, धनुषा ।

फोन नं.:-

प.सं. /०७५/०७६

च.नं. १०८

मिति:- २०७५।१०।२१

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

**विषय:- कक्षा सञ्चालन सम्वन्धमा ।**

**सवै विद्यालयहरु,**

**प्रदेश नं. २ ।**

प्रस्तुत विषयमा यस प्रदेशका केही विद्यालयको अनुगमन गर्दा विद्यालय विहान १० बजे खोलिए पनि कक्षा १०.३० देखि मात्र सुरुवात गर्ने गरेको भेटियो । पाठ्यक्रममा पाठ्यभार विहान १० बजे देखि बेलुकी ४ बजे सम्म कक्षा सञ्चालन गर्ने गरी निर्माण गरिएको बास्तविकता विद्यालयलाई जानकारी नै छ । यस प्रदेश नं. २ का विद्यार्थीको सिकाई उपलब्धि बृद्धि गर्न तोकिएको समय पूर्ण सदुपयोग गरी थप समयमा समेत सिकाईका कार्य गर्नु पर्ने आवश्यकता छ । अत: विद्यालयमा विद्यार्थी ९.४५(पौने दश) मा उपस्थित हुने, ९.४५ मा पहिलो घण्टी लगाई छरिएका विद्यार्थीलाई लाइनमा लाग्न जनाउ दिने, ९.५० मा दोस्रो घण्टी लगाई लाइनमा लागाइ पिटी, राष्ट्रिय गीत गाउने, सूचना संप्रेशण गर्ने लगायतका कार्य सकी ठीक १० बजे कक्षामा शिक्षक र विद्यार्थी उपस्थित भै शिक्षण सिकाइका कार्य सुरुवात गर्न अनुरोध छ । यदि यसरी कक्षा थालनी गर्न सम्भव नहुने भएमा पनि १०.१५ (सवा दश) बजे सम्म अनिवार्य रुपमा कक्षाहरु सुरुवात गर्ने गरी समय ब्यवस्थापन गर्न हुन अनुरोध छ । सम्पूर्ण अभिभावकलाई पनि आफ्ना बालबालिकालाई ९.४५ (पौने दश) बजे विद्यालयमा पुग्ने गरी पठाइदिन हुन र यसरी समय ब्यवस्थापनमा सहयोग गरी दिनहुन सम्पुर्ण सरोकारवालाहरुमा समेत अनुरोध छ । साथै शुक्रबारको दिन पनि ४ (चार) बजे सम्म अनिवार्य रुपमा विद्यालय सञ्चालन गरी, समुदायमा भएका विभिन्न क्षेत्रका प्रतिभा, अनुभबी र विज्ञहरु समेतको सहयोग लिई सम्पूर्ण शिक्षक विद्यार्थीको सहभागितामा सहक्रियाकलापहरु सञ्चालन गर्न समेत अनुरोध छ ।

बोधार्थ

१. सामाजिक विकास मन्त्रालय, प्रदेश नं.२, जनकपुरधाम, धनुषा ।

२. सवै पालिकाहरु :-पत्र कार्यान्वयमा सहयोग गर्न र अनुगमन गरिदिन अनुरोध छ ।

३. सवै शिक्षा विकास तथा समन्वय इकाई, प्रदेश नं. २,:- पत्र कार्यान्वयमा सहयोग, समन्वय गर्न र अनुगमन गरिदिन अनुरोध छ ।

२०७५।१०।२१

रमाकान्त शर्मा

**निर्देशक**

**निर्देशक**